उपराष्ट्रपति

काठमाडौं, नेपाल

# उधौली पर्व, यमरीपुन्हीं: र ज्यापु दिवस, २०८२ को शुभकामना

उधौली पर्व, यमरीपुन्हीं: (धान्यपूर्णिमा) तथा ज्यापु दिवस, २०८२ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

किराँत समुदायको महान पर्व उधौली, प्रकृतिप्रति श्रद्धा, कृतज्ञता र सामूहिक एकताको प्रतीक हो। राई, लिम्बू, सुनुवार, याक्खा लगायतका समुदायले यस पर्वलाई परम्परागत नृत्य, गायन र सांस्कृतिक कार्यक्रममार्फत् धुमधामका साथ मनाउँछन्। यस अवसरमा आयोजना हुने 'साकेला' नृत्यले प्रकृति र जीवनबीचको गहिरो सम्बन्धलाई उजागर गर्दै नेपाललाई मौलिक परम्पराले सम्पन्न राष्ट्रका रूपमा चिनाउने कार्य गर्दछ।

त्यसैगरी, आजकै दिन नेवार समुदायको प्रमुख पर्व यमरीपुन्हीं: (धान्यपूर्णिमा) नयाँ अन्नप्रति कृतज्ञता व्यक्त गर्ने अवसर प्रदान गर्दछ। यस अवसरमा 'योमरी' तयार गरी देवी-देवता, पूर्वज तथा आफन्तलाई अर्पण गरिने मौलिक परम्परा रही आएको छ, जसले समर्पण, समृद्धि र सामाजिक एकताको सन्देश बोकेको छ। यसै दिनदेखि पूर्वी नेपालमा 'भक्का' पकाउने परम्परा सुरु हुने मान्यता पनि हाम्रो सांस्कृतिक विविधताको विशेषता हो।

त्यस्तै, ज्यापु दिवसले नेवा: संस्कृतिको संरक्षण र नयाँ पुस्तामा हस्तान्तरण गर्ने अभियानलाई बल प्रदान गर्दछ। मौलिक बाजा धिमेको तालमा प्रस्तुत गरिने झाँकीहरूले हाम्रो रैथाने परम्परालाई जीवन्त राख्दै सांस्कृतिक पहिचानलाई उजागर गर्न सहयोग पुग्दछ।

यी पर्वहरूले नेपाललाई विविधतामा एकता, परम्परामा गौरव, र सहअस्तित्वमा शक्ति भएको राष्ट्रका रूपमा चिनाउने अवसर प्रदान गर्दै आएको छ। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र जनताको अधिकारलाई आत्मसात गर्दै समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माणतर्फ प्रतिबद्ध भई अग्रसर हुन यी पर्वहरुले उत्प्रेरित गर्न सकोस्।

**अन्त्यमा,** उधौली पर्व, यमरीपुन्हीं: (धान्यपूर्णिमा) र ज्यापु दिवसले हामीलाई सामाजिक सद्भाव, सांस्कृतिक गौरव र राष्ट्रिय एकताको मार्गमा सकारात्मक अग्रसरताका लागि प्रेरित गरोस्, पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ मंसिर १८ गते, बिहीबार।

ने.सं. ११४६ थिंल्लाथ्व, चतुर्दशी।

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति